# आपत्कालिन अवस्थामा शिशु आहार तथा आमाको दुधलाई प्रतिस्थापन गर्ने सामग्रीको आम वितरण सम्बन्धी

# संयुक्त विज्ञप्ति

*स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वा.से.वि.वालस्वास्थ्य महाशाखा, युनिसेफ तथा पोषण क्षेत्र (Nutrition Cluster) बाट वर्तमान आपतकालिन अवस्थामा उपयुक्त शिशु तथा वाल्यकालिन पोषण र अनावश्यक एवं संभावित हानिकारक पदार्थ र स्तनपान प्रतिस्थापन संबन्धमा संयुक्त अपिल ।*

**काठमाण्डौं २०७२ /१ /२० (मे ३, २०१५)**

आपतकालिन अवस्थामा दुई वर्ष मुनीका वालबालिकाहरुको विरामी तथा मृत्यु हुने दर अन्य उमेर समुहमा भन्दा बढि हुने गर्दछ । शिशुहरुमा कुपोषण हुने र मृत्यु हुने जोखिम उच्च छ । यस उमेर समुहमा मृत्यु हुने तथा कुपोषणको सिकार हुनुको मुख्य कारण संक्रामक रोग र झाडापखालाको प्रभावले हो । उमेर अनुसारको स्तनपानलाई सुनिश्चित गर्न सकेमा आधारभूतरुपमा शिशु तथा २ वर्ष मुनिका वालबालिकालाई कुपोषण तथा मृत्युबाट बचाउन सकिन्छ । सफा र सुरक्षित खानेपानी तथा सरसफाई पर्याप्त नभए पनि स्तनपानले विभिन्न संक्रमणबाट बचाउँछ ।

आपत्कालिन अवस्थामा धेरै आमाहरुले निरन्तर रुपमा स्तनपान गराउन सक्दैनन भन्ने भ्रम छ । जसले गर्दा शिशुका लागि कृत्रिम आहार, दुग्ध उत्पादन र बच्चाको खाना राहत स्वरुप प्रदान गर्ने परम्परालाई प्रश्रय दिन सक्छ । तात्कालिन रुपमा चिन्ताग्रस्त आमाको स्तनबाट दुध उत्पादनमा कमी भएता पनि आमा र शिशुलाई निरन्तर रुपमा स्तनपानका लागि सहयोग गरेमा सामान्य रुपमा स्तनपान गराइरहन सक्दछन । त्यसैले पर्याप्त झोलिलो पदार्थ र थप खानाले आमाहरुको स्वास्थ्यका साथै शिशुको स्वास्थ्य र दैनिक जीवन राम्रो हुन सक्छ ।

आपत्कालिन अवस्थामा प्रर्याप्त अवस्था आंकलन र सर्वेक्षण विना शिशुको खाना र विभिन्न दुग्ध उत्पादन, वितरण गर्ने र खुवाउने गर्दा उनीहरुको जीवन नै खतरामा पर्न सक्छ । विश्वव्यापी मान्यताप्राप्त निर्देशिकाले निम्न बस्तुहरु वितरण वा प्रदान गर्न रोक लगाएको छ ।

१. २ वर्ष मुनीका बच्चाहरुको लागि स्तनपान प्रतिस्थापन गर्नेगरी कुनै पनि पदार्थ, वोतल वा शिशीवाट खुवाउने सामग्री

२. ६ महिना मुनीका शिशुका लागि थप खाना चीया तथा जुस

३. २४ महिना मुनीका बच्चालाई वोतलबाट वा अन्य तरीकाले खुवाउने पदार्थ

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

स्तनपानलाई निरुत्साहित गर्ने वा प्रतिस्थापन गर्ने जस्ता अवान्छित दान तथा वितरणहरु भएको पाईएमा स्वा.से.वि. वालस्वास्थ्य महाशाखा, पोषण शाखा प्रमुख व.ज.स्वा. प्रशासक श्री. गिरीराज सुवेदीलाइ ००९७७ ( ०१ ( ४२२५५५८ वा ९८४१३९१२६७ वा Email: subedi.giriraj@gmail.com मा तुरुन्त रिपोर्ट गर्नुपर्नेछ ।

आपत्कालिन अवस्थामा प्रदान गरिने यस्ता पदार्थ तथा स्तनपान प्रतिस्थापन गर्ने प्रकिया तथा अत्यधिक मात्रामा उत्पादन तथा वितरणले शिशुहरुको जीवन नै खतरायुक्त हुने देखिन्छ । यस संबन्धी प्रावधानलाई व्यवहारमा लागु गर्नु पहिले योग्य चिकित्सक तथा नर्सबाट आवश्यकता पहिचान गराउनु पर्दछ । फलस्वरुप दाता, गैरसरकारी संस्था, संचार जगत् र इच्छुक व्यक्तिहरुले अवान्छित र अनावश्यक उत्पादन तथा वस्तुहरुको वितरण र प्रयोगमा रोक लगाउने कार्यमा काम गर्न सक्नेछन् ।

कृतिम रुपमा खुवाउने सम्बन्धमा केवल विशेष परिस्थितिमा मात्र यो अवस्था आकर्षित हुन सक्दछ जहा शिशु आफैले स्तनपान गर्न वा खान पिउन सक्दैनन्, वा सरसफाईको उचित रुपमा सुनिश्चित गर्न वा अनुगमन गर्न सक्दछन वा विश्व स्वास्थ्य सम्मेलनलृ पारित गरेको निर्णय वा मानवीय सहायता संस्थाहरुको निती तथा निर्देशिकाले सिफारिस गरे बमोजिम मात्र गराउनु पर्नेछ । जस्तैः स्तनपान प्रतिस्थापनको वजार व्यवस्थापन संबन्धी अन्तर्राष्टिकय आचार संहिता, आमाको दुध प्रतिस्थापन (विकी, वितरणमा नियन्त्रण) नियमावली २०५१ र स्तनपान प्रतिस्थापन (विकी, वितरणमा नियन्त्रण) ऐन २०४९, आदी । स्तनपान प्रतिस्थापन तथा पाउडर दुध आमरुपमा वितरण गर्न पाइने छैन ।

आमा, उनीहरुका परिवार वा स्वास्थ्यकर्मीहरुलाई आम वितरणका सन्दर्भमा निशुल्क रुपमा दुग्ध पदार्थ, स्तनपान प्रतिस्थापन गर्ने पदार्थ, वोतल तथा मुन्टी (कृत्रिम दुधको मुन्टा) वितरण गर्न पाइने छैन । साथै शिशुहरुलाई कृत्रिम दुग्ध पदार्थ तथा कुनै पनि खानेकुरा खुवाउन प्रेरित गर्नेगरी गर्भवती महिला, आमा तथा परिवारका सदस्यहरुलाई प्रभावित पार्ने उद्देश्यले स्वास्थ्य कर्मीहरुलाई उपहार, नमूना तथा अन्य कुरा दिन पाइने छैन ।

आपतकालिन अवस्थामा यस प्रकारका विशेष खानेकुरा प्रदान गर्नैपर्ने भएमा पोषण क्षेत्र ९ल्गतचष्तष्यल ऋगिकतभच० को सिफारिसमा विशेष आवश्यकता पहिचानका आधारमा नेपाल सरकारको निर्णयपछि मात्र गर्न सकिने छ । यस संबन्धी सवै कार्य तथा सहयोगहरु नेपाल सरकार तथा तोकिएको निकायको निर्देशनको आधारमा मात्र हुनेछ ।

निशुल्क रुपमा सहजै यस्ता पदार्थको उपलब्धताले आमाहरु आवश्यक नपरे पनि कृत्रिम खाना खुवाउन अग्रसर हुन्छन । जसले गर्दा आमा तथा वालवालिकाहरु संक्रामक रोग, कुपोषण र मृत्यु

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

जस्ता जोखिममा पुग्दछन् । झाडापखाला तथा सफा पानीको अभाव यसका कारण हुन सक्दछन । वोतलको प्रयोग गरी दुध खुवाउंदा रोगको जोखिम मात्र बढन सक्छ किनकी सरसफाई र पर्याप्त शुद्ध खानेपानीको अभाव समेत यस समयमा हुन सक्दछ ।

साथै यस्ता पदार्थको प्रवर्द्धनका लागि सामग्री प्रदर्शन, पोष्टर प्रकाशन तथा शिविर, अस्थायी आश्रयस्थल तथा स्वास्थ्य संस्थामा संचार साम्रागी वितरण, अस्थायी आश्रयस्थल तथा स्वास्थ्य संस्थामा संचार सामग्री वितरण गर्न पाइने छैन । अति आवश्यक नै परेमा तालीमप्राप्त स्वास्थ्यकर्मी तथा सामुदायिक स्वास्थ्य कार्यकर्ताले आमा तथा परिवारलाई मद्दत गर्न सक्नेछन । यसरी प्रदान गरिने अधिकारिक सूचनामा यसको अनुपयुक्त प्रयोगबाट हुने असरबारे प्रष्टसंग बताउनु पर्नेछ । यस्ता पदार्थको निशुल्क तथा कम मुल्यमा वितरण र आपूर्ति गर्न पाइने छैन ।

यसर्थ, आपत्कालिन अवस्थामा आमाले सुरक्षित वातावरणको प्रत्याभूति आवश्यक पर्दछ । जस अन्तर्गत निम्न आवश्यक कार्यहरु पर्दछन् :

क. छुट्टै सुरक्षित स्तनपान कक्षको स्थापना

ख. स्तनपान प्रवर्द्धन गर्न र आकस्मिक अवस्थामा पिडित महिलालाई मनोसामाजिक परामर्श तथा स्याहार गर्न दक्ष एवं तालीमप्राप्त कर्मचारी, स्वयंसेवक तथा परामर्शदाताको व्यवस्था

ग. स्तनपानका समस्या व्यवस्थापन गर्दै स्तनपानको लागि आमाहरुलाई प्रोत्साहन गर्न शिशु तथा वाल्यकालिन पोषणमा दक्षताका लागि कर्मचारीलाई तालीम

यस्तो अवस्थामा गरिने सबै प्रयासहरु आमाबाट विछोडिन बाध्य शिशु तथा बालबालिकाहरुलाई स्तनपान गराउने तर्फ केन्द्रित हुनुपर्दछ ।

अनियन्त्रित रुपमा स्तनपानलाई प्रतिस्थापन गर्ने पदार्थको उत्पादन तथा वितरणलाई कम गर्दै विरामीहुन र मृत्यु हुन बाट बालबालिकाहरुलाई बचाउन पोषण क्षेत्र, नेपाल सरकार लगायत आपतकालिन अवस्थामा आर्थिक सहयोग गर्ने, योजना तर्जुमा र कार्यान्वयनमा संलग्न निकाय जोडदार अपिल गर्दछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं